# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र १ गते २०२७ साल

श्री ५ को सरकार

### परराष्ट्र मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको राहदानी नियमहरू, २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

राहदानी ऐन, २०२४ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

राहदानी नियमहरू, २०२७

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राहदानी नियमहरू, २०२७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यी नियमहरूमा ऐन भन्नाले "राहदानी ऐन, २०२४" सम्झनुपर्दछ ।

३. राहदानीको प्रकारः– विदेश यात्रामा जाने नेपाली नागरिकहरूलाई देहायबमोजिमको राहदानी जारी गर्न सकिनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुटनैतिक राहदानी,
(ख) विशेष राहदानी, र
(ग) साधारण राहदानी ।

४. राहदानीको लागि दरखास्त दिने र राहदानी जारी गर्नेः– (१) राहदानी लिन चाहने व्यक्तिले राहदानी पाउनको निमित्त ऐनको दफा ४ मा उल्लेखित कार्यालयमा आफ्नो फोटो र नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी अनुसूचीबमोजिमको ढांचामा रू. १।– को टिक टांसी दरखास्त दिनुपर्दछ ।

(२) नाबालक वा मानसिक अवस्था ठीक नभएको व्यक्तिको हकमा उप-नियम (१) बमोजिमको दरखास्त निजको अभिभावकले दिनुपर्दछ ।

(३) उप-नियम (१) बमोजिम प्राप्त दरखास्तउपर आवश्यक कारवाई गरी सोही उप-नियममा उल्लेखित कार्यालयले राहदानी जारी गर्नेछ र राहदानी जारी नगरिएमा त्यसको सूचना सम्बन्धित व्यक्तिलाई दिनुपर्छ ।

(४) नाबालक वा मानसिक अवस्था ठीक नभएको व्यक्ति वा आफ्नो पत्नीलाईसंगै लिई विदेश यात्रामा जाने व्यक्तिलाई राहदानी जारी गर्दा निजसंग जाने त्यस्तो व्यक्तिको नाम र फोटो दरपीठ गरी राहदानी जारी गरिनेछ ।

(५) श्री ५ को सरकारको सेवामा रहेको कर्मचारी या अन्य व्यक्तिलाई सरकारी काम, सम्मेलन, तालीम, छात्रवृत्ति, गोष्ठी निमन्त्रणा वा औषधि उपचार गर्न श्री ५ को सरकारले खर्च बेहोर्ने या कुनै अन्य विदेशी सरकारले खर्च बेहोर्ने गरी विदेश भ्रमणमा पठाउने श्री ५ को सरकारको निर्णय भएकोमा बाहेक अन्य अवस्था वा व्यक्तिको हकमा निजको विदेश यात्राको लागि चाहिने आर्थिक स्रोत बारे नेपाल राष्ट्र बैङ्कको सिफारिश प्राप्त भएपछि मात्र अन्य आवश्यक जांचबुझ गरी राहदानी जारी गरिनेछ ।

(६) उप-नियम (५) अन्तर्गत श्री ५ को सरकारको निर्णय भएकोमा बाहेक अन्य अवस्था र व्यक्तिलाई जारी गरिएको राहदानीको बहाली अवधिभित्र विदेश गई फर्की पुनः विदेश यात्राको लागि सो राहदानी नवीकरण गर्नु पर्दा पुनः यात्राको लागि चाहिने आर्थिक स्रोत बारे नेपाल राष्ट्र बैङ्कको सिफारिश हुनुपर्छ ।

(७) कुनै नेपाली नागरिकलाई व्यापारको निमित्त विदेश भ्रमणमा जान राहदानी जारी गर्ने श्री ५ को सरकारको निर्णय भएकोमा वा कुनै व्यक्तिले देखाएको आर्थिक स्रोतमा श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयलाई विश्वास भएमा नेपाल राष्ट्र बैङ्कको सिफारिश नभए तापनि रादहानी जारी गर्न वा नवीकरण गर्न सकिनेछ ।

५. कुटनैतिक राहदानीः– (१) देहायका व्यक्तिलाई देहायको अवस्थामा बिना दस्तूर कुटनैतिक राहदानी जारी गरिनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रधान मन्त्री, प्रधान न्यायाधीश, राष्ट्रिय पञ्चायतको अध्यक्ष, उप-प्रधान मन्त्री, मन्त्री, राजसभा स्थायी समितिको सभापति, राज्यमन्त्री, राष्ट्रिय पञ्चायतको उपाध्यक्ष, सहायक मन्त्री, प्रधान सेनापति, महालेखा परीक्षक, अध्यक्ष लोक सेवा आयोग, प्रमुख निर्वाचन आयुक्त र महान्यायाधिवक्ता सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जांदा,

(ख) संयुक्त राष्ट्र संघको साधारण सभा र सो संघको अन्य स्पेशियलाइजड एजेन्सीको साधारण सभा, कोलम्बो प्लानको कन्सलेटेटीभ कमिटी, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व बैङ्कको साधारण सभा र एशियाली विकास बैङ्कको साधारण सभामा भाग लिन श्री ५ को सरकारबाट खटी जाने सदस्यहरू,

(ग) विदेशस्थित कुटनैतिक नियोगहरूमा श्री ५ को सरकारद्वारा खटिई जाने राजदूत तथा अरू सबै राजपत्राङ्कित अधिकृतहरू,

(घ) खण्ड (ग) बमोजिम कुटनैतिक राहदानी पाउने व्यक्तिको साथैमा बस्ने गरी विदेश जाने उक्त व्यक्तिको परिवार,

(ङ) श्री ५ को सरकारको प्रतिनिधित्व गरी विशेष नियोगमा जाने व्यक्तिहरू,

(च) राजदरबार सम्बन्धी काममा खटिई जाने राजदरबार सेवाका सहायक सचिव सम्मका अधिकृतहरू,

(छ) राष्ट्रिय पञ्चायतको प्रतिनिधित्व गरी अन्तर्राष्ट्रिय सभा, सम्मेलन वा बैठकमा भाग लिन जाने राष्ट्रिय पञ्चायतका सदस्यहरू,

(ज) श्री ५ महाराजाधिराज सरकारको विदेश भ्रमणमा सवारी साथ जाने दलका सबै सदस्यहरू ।

(२) राजपरिवारका सदस्यहरूलाई जुनसुकै अवस्थामा पनि तथा अधिराजकुमारीको साथमा विदेश भ्रमणमा जांदा अधिराजकुमारीको पतिलाई पनि बिना दस्तूर कुटनैतिक राहदानी जारी गर्नुपर्छ ।

६. विशेष राहदानीः– देहायको अवस्थामा देहायको व्यक्तिलाई बिना दस्तूर विशेष राहदानी जारी गर्न सकिनेछः–

(क) नियम ५ को खण्ड (ख) मा लेखिए बाहेक अरू सबै प्रकारको सामान्य, सम्मेलन गोष्ठी, बैठक इत्यादिमा श्री ५ को सरकारको तर्फबाट भाग लिन जाने अधिकृतहरू,

(ख) श्री ५ को सरकारबाट मनोनीत भई छात्रवृत्तिमा अध्ययन गर्न, अध्ययन भ्रमणमा, निमन्त्रणामा तथा अरू सरकारी काममा जाने श्री ५ को सरकारका अधिकृतहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (क) र (ख) बमोजिम विशेष राहदानी पाउने अधिकृतको साथमा भ्रमण गर्ने निजको परिवार,

(घ) विदेशस्थित नियोगहरूमा श्री ५ को सरकारको तर्फबाट खटिई जाने राजपत्रअनंकित कर्मचारीहरू,

(ङ) खण्ड (घ) बमोजिम विशेष राहदानी पाउने कर्मचारीको साथ मै बस्ने गरी जाने निजको परिवार,

(च) नियम ५ को खण्ड (छ) मा लेखिए बाहेक अन्य प्रकारको भ्रमणमा जाने राष्ट्रिय पञ्चायतका सदस्यहरू,

(छ) श्री ५ को सरकारको निर्णयबमोजिम विदेश भ्रमणमा जाने वर्गीय संगठनहरूका केन्द्रीय सभापतिहरू, केन्द्रीय उप-सभापतिहरू र अञ्चल सभाको सभापतिहरू,

(ज) राजदरबार सम्बन्धी काममा विदेश जाने राजदरबार सेवाका सहायक सचिवभन्दा तलका सबै दर्जाका कर्मचारीहरू,

(झ) त्रिभुवन प्रजातन्त्र श्रीपद तथा नेपाल श्रीपदका प्रथम श्रेणीका मानपदवी पाउने व्यक्तिहरू,

(ञ) श्री ५ को सरकारले विशेष राहदानी जारी गर्ने निर्णय गरेका व्यक्तिहरू ।

७. साधारण राहदानी र त्यसको दस्तूरः– (१) नियम ५ र ६ मा लेखिए बाहेक अन्य सबैलाई रू. १५।– दस्तूर लिई साधारण राहदानी जारी गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम जारी गरिएको साधारण राहदानीमा देहायको अवस्थामा देहायबमोजिमको दस्तूर लाग्नेछः–

(क) एक वर्ष वा सो भन्दा कम अवधिको लागि नवीकरण गर्दा पटकै पिच्छे रू. ४।–

(ख) जाने मुलुकको नाम थप गर्दा प्रत्येक मुलुकको रू. २।–

(ग) नाबालक वा मानसिक अवस्था ठीक नभएका व्यक्ति वा पत्नीको नाम दरपीठ गर्दा प्रत्येकको रू. २।–

(३) श्री ५ को सरकारले उप-नियम (१) र (२) मा उल्लेखित राहदानीको दस्तूर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थपघट गर्न सक्नेछ ।

८. राहदानीको अवधिः– नियम ५, ६ र ७ बमोजिम प्रदान गरिने राहदानीको अवधि नियम ४ बमोजिम परेको दरखास्तलाई ध्यानमा राखी कामको प्रकृति हेरी राहदानी जारी गर्ने अधिकार प्राप्त अधिकारीले तोकेबमोजिम हुनेछ ।

तर, श्री ५ युवराजाधिराजमा आजीवनको लागि र राजपरिवारका अन्य सदस्यहरूलाई एक पटकमा ३ वर्षसम्मको लागि राहदानी प्रदान गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. राहदानी बदली नयां राहदानी प्रदान गर्नेः– (१) राहदानी जारी गर्न अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा जारी गरिएको राहदानी बदली नयां राहदानी जारी गर्न सक्नेछः–

(क) राहदानी पुरानो भई च्यातिई झुत्रो भएमा अथवा राहदानीको सबै पानाहरू भरिन गई दरपीठ गर्नको लागि पाना नभएमा,

(ख) राहदानी हराई नयां राहदानी पाउनको लागि हराएको राहदानी पाउनको लागि गरेको प्रयत्नको विवरण र त्यस सम्बन्धमा स्थानीय प्रहरी कार्यालयमा राहदानीबाहकले दिएको प्रतिवेदनको विवरण सहितको दरखास्त पर्न आएमा,

(ग) साधारण राहदानीको पहिलो पटक जारी भएको मितिले पांच वर्षको अवधि पूरा भएकोमा,

(२) उप-नियम (१) बमोजिम हराएको राहदानीको बदला नयां राहदानी जारी गर्दा हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सो सबै खुलाई हराएको राहदानी रद्द गरिएको सूचना आवश्यक सबै कार्यालयहरूमा यथाशीघ्र दिनुपर्दछ ।

१०. राहदानीको फिहरिस्त राख्नेः– (१) जारी गरिएको राहदानीको फिहरिस्त श्री ५ को सरकार परराष्ट्र मन्त्रालयले राख्नेछ ।

(२) विदेशस्थित शाही नेपाली राजदूतावास वा नियोगबाट जारी गरिएको राहदानीको फिहरिस्तको नक्कल र राहदानीको लागि पर्न आएको निवेदकको फोटो सहितको दरखास्त तीन प्रति तथा राहदानी नवीकरण भएको वा राहदानीमा अन्य कुनै विवरण थपघट वा दरपीठ गरेको भए त्यसको सूचना तथा तत्सम्बन्धी पूरा विवरण सहितको फिहरिस्तको नक्कल श्री ५ को सरकार परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. राहदानी फिर्ता बुझाउनेः– (१) राजपरिवारका सदस्यहरू बाहेक अन्य राहदानीबाहकले आफ्नो नाममा जारी भएको राहदानी जुन भ्रमणको निमित्त जारी भएको हो सो भ्रमण सकी नेपाल अधिराज्यभित्र प्रवेश गरेको स्थानको अध्यागमन कार्यालयमा बुझाउन पर्नेछ ।

(२) उप–दफा (१) बमोजिम अध्यागमन कार्यालयमा बुझाएका राहदानीहरू उक्त कार्यालयले फिहरिस्त साथ परराष्ट्र मन्त्रालयमा पठाउनुपर्छ ।

(३) कुनै राहदानीबाहकले आफूले प्रयोग गरेको राहदानी सम्झनाको लागि साथमा राख्न चाहेमा परराष्ट्र मन्त्रालयमा सम्पर्क राख्नु पर्नेछ र परराष्ट्र मन्त्रालयले त्यस्तो राहदानी रद्द गरी फिर्ता दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(नियम ४ (१) संग सम्बन्धित)

## नेपाली राहदानीको निमित्त दरखास्त

(यसमा यहीबमोजिमको ४ प्रति फाराम र ४ प्रति फोटोहरू समेत साथै पेश गर्नु पर्नेछ ।)

श्री ... ... ... ... ... ... ...

... ... ... ... ... ... ...

... ... ... ... ... ... ...

यही नापको फोटो राख्नु पर्छ ।

म, तल सहिछाप गर्नेले राहदानी पाउनाको निमित्त ४ प्रति दरखास्त फाराम र चार प्रति फोटोहरू समेत राखी निम्नबमोजिम मेरो व्यक्तिगत बयान उल्लेख गरी दरखास्त गरेको छु । मलाई प्रदान गरिने राहदानी श्री ५ को सरकारको राहदानी ऐन, २०२४ र राहदानी नियमहरू, २०२७ को पूर्ण पालना गरी प्रयोग गर्न मञ्जूर गर्दछु ।

(१) पिताको नाम ... ... ... ... ... ... ... ... ...

ठेगाना ... ... ... ... ... ... ... ... ... ...

राष्ट्रियता ... ... ... ... ...... ... ... ... ...

(२) दरखास्तवालाको नाम श्री । श्रीमती । सुश्री ... ... ... ... ... ... ... ... ... ...

(३) ठूलो अंग्रेजी अक्षरमा आपनो नाम र थर ... ... ... ... ... ... ... ... ...

(४) जन्मस्थान ... ... ... ... ... ... ... ... ... ...

(५) स्थानी ठेगाना (ब्लक नम्बर, वार्ड, पञ्चायत समेत) ... ... ... ... ... ... ... ... ...

(६) हाल बसेको ठेगाना ... ... ... ... ... ... ... ... ... ...

(७) उमेर ... ... ... ... ... ... ... ... ... ...

जन्मेको साल र मिति... ...

विक्रम सम्वत्मा ... ... ...

इस्वी सम्वत्मा ... ... ... ...

(८) विवाहिता वा अविवाहिता ... ... ... ... ... ... ..

विवाहिता भए पति वा पत्नीको नाम ... ... ... ... ... ... ...

अविवाहिता स्त्री भए अभिभावकको नाम र नाता ... ... ... ... ... ... ... ... ...

(९) आँखाको रङ्ग ... ... ... ... ... केशको रङ्ग ... ... ... ... ...

(१०) वर्ण ... ... ... ... ... ... उच्चाई ... ... ... ... ... ... फीट ... ... ... ... ... ... इञ्च ... ... ... ... ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) विशेष चिह्न ... ... .... ... .... ... ... ... ...
(देखिने ठाउँको कुनै चिह्न या खतको उल्लेख गर्ने)

(१२) राष्ट्रियता ... ... ... .... ....

(१३) पेशा ... ... ... ... ... ... ... ...
(सरकारी सेवामा भए यहाँ पद र श्रेणी समेत खुलाउने)

(१४) जाने मुलुकहरूको नाम ... ... ... ... ... ... ... ...

(१५) के कति कारणले जान लागेको हो त्यसको पूरा विवरण ... ... ... ... ... ... ... ... ...

(१६) विदेशमा बस्ने समय ... ... ... ... ... ... ... ... ...

(१७) विदेश भ्रमणको निमित्त चाहिने खर्चको स्रोत ... ... ... ... ... ... ... ... ...

(१८) राहदानीबाहकका विषयमा विदेशमा कुनै जरूरी कुरा पर्न गएमा नेपालमा खबर गर्नुपर्ने
व्यक्तिको नाम ... ... ... ... ... ... ...
ठेगाना ... ... ... ... ... ...
र नाता ... ... ... ... ... ... ...

(१९) पहिले राहदानी पाउनुभएको भए कुन अध्यागमन कार्यालयमा फिर्ता बुझाएको हो ?

(२०) पहिले पाएको राहदानीको नम्बर ... ... ... ...

(२१) पहिले पाएको राहदानी रद्द गराई सम्झनाको निमित्त आफ्नो साथमा राख्नुभएको छ ?
... ... ... ... ... छैन ? ... ... ... ... ...

(२२) पताईंको साथमा नाबालक, मानसिक अवस्था ठीक नभएका व्यक्ति वा पत्नी जाने भए तिनीहरूको विवरण ।

| नम | उमेर | नाता | जन्मेको साल र मिति<br>बि. सं. मा इ. स. मा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

माथि लेखिएका व्यक्तिगत बयानहरू सबै ठीक छ भनी सहिछाप गर्दछु ।

मितिः– ... ... ... ... ... ... ... ...

(दरखास्तवालाको सही)

दरखास्तवालालाई राम्रो संग चिन्दछु भनी सिफारिश गर्ने श्री ५ को सरकारको अधिकृत वा सो सरहका अरू अधिकृतको

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८२

दर्जा ... ... ... ... ... ...
पूरा ठेगाना ... ... ... ...
सहिछाप ... ... ... ... ...
कार्यालयको नाम ... ...

(यो धर्कोभन्दा मुनि दरखास्तवालाले केही पनि नलेख्नु होला ।)

---

जारी भएको राहदानीको नम्बर ... ... ... ... ... ...
कुटनैतिक ... ... ... ... ... ... ... ... ... ... ... ...
विशेष ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
साधारण ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
जारी भएको मिति .... .... .... .... .... .... .... ...
राहदानी बहाली रहने समय ... .... ... ... ... ... ...
जानपाउने मुलुकहरू ... ... ... ... ... ... ... ... ...

---

शुल्क बुझाउनु पर्ने जम्मा रूपियाँ ... ... ... ... ... निःशुल्क ... ... ...
दरखास्तवालाको ... ... ... ... ...
पत्नी छोराछोरी इत्यादिको ... ... ... ... ...

मेरो नामको नम्बर ... ... ... ... ... को कुटनैतिक।विशेष।साधारण राहदानी बुझी लिएँ । साथै आफ्नो वा सरकारी काम, भ्रमणका निमित्त लिएको हो र भ्रमण सकी फर्की आउँदा नेपाल अधिराज्यभित्र प्रवेश गरेको ठाउँको अध्यागमन कार्यालयमा राहदानी फिर्ता बुझाउनेछु ।

(बुझी लिनेको सहिछाप)

आज्ञाले–
यदुनाथ खनाल
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५८